आज मिति २०८० साल चैत्र ३० गते शुक्रबारको दिन दिन बिहान ८ : ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

## मिति २०८०।१२।३० गते बसेको नगर कार्यपालिकाको १३८ औ बैठकको निर्णयहरु

**निर्णय नं. १ :** लमही नगरपालिकाको चालु आर्थिक बर्ष २०८०।८१ को बिनियोजित बजेट तथा कार्यक्रम र योजनाहरु विविध कारण तोकिएको समयमा सम्पन्न नहुने र आशातित उपलब्ध समेत हासिल नहुने देखिएकोले सम्बन्धित बजेटलाई रकमान्तर र शिर्षकान्तरका लागि वडा कार्यालय र सम्बन्धित शाखा/उप-शाखाको सिफारिस अनुसार अनुसुची-१ बमोजिमका नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई रकमान्तर तथा शिर्षकान्तरको गर्न नगर सभा समक्ष अनुमोदनको लागि पेश गर्ने ।

**निर्णय नं. २ :** यस लमही नगरपालिका वडा नं. ६ बस्ने सुरेखा थारुलाई दैनिक ज्यालादारीमा सेवा सुविधा उपलब्ध गराउने गरी कम्प्यूटर अपरेटर पदमा कामकाज लागउने। साथै शहरी शासकीय पूर्वाधार विकास आयोजनाको तर्फबाट ३ जना सब-ईन्जिनियरहरु दैनिक ज्यालादारीमा भर्ना गरी कामकाज लागाउने।

**निर्णय नं. ३ :** नगर सभाले लिनुपर्ने नीतिगत निर्णयको सम्बन्धमा तपशिल बमोजिमको प्रस्तावहरु नगर सभामा पेश गर्ने।

<u>तपशिलः</u>

क. नगर कार्यपालिकाको बैठकको निर्णयहरु अनुमोदन सम्बन्धमा।

ख. स्थानीय तह संस्थागत स्वःमूल्याङ्कनको नतिजा सार्वजनिक सम्बन्धमा।

ग. आन्तरिक राजश्व खातामा जम्मा भएको रकम फिर्ता सम्बन्धमा।

**निर्णय नं. ४ :** (क) ) वरपिपल कन्स्ट्रक्सन, भरतपुर-१९, चितवनको मिति २०८०/०५/२७ गतेको निवेदन अनुसर उक्त फर्मले जडिबुटी, कबाडी, जिवित जिवजन्तु (दोपाया, चौपायाँ) निकासी दस्तुर ठेक्का पेश गर्ने सम्बन्धमा ठेक्काको धरौटी रकममा जम्मा गर्नु पर्ने रकम आन्तरिक राजश्व खातामा जम्मा गरेको हुदाँ निजले धरौटी प्रयोजनको लागि आन्तरिक राजश्व खातामा जम्मा गरेको रकम रु ८०,०००/- अक्षरुपी ओसी हजार फिर्ता गर्ने नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।

(ख) लमही नगरपालिकाको आन्तरिक आय तर्फको डम्पिङ साइटबाट प्रशोधन गर्न लायक कवाडीजन्य मालसमान(प्लास्टिक, कागज, फलाम आदी) संकलन गरी बिक्री बितरण गर्ने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्दा लमही नगरपालिका वडा नं. ८ बस्ने महेश कुमार नेपाली पेश गरेको दरभाउ पत्र छनौट भएको र सम्झौताको लागि यस कार्यालयबाट ४ पटक पत्राचार गर्दा समेत सम्झौता गर्न उपस्थित नभएकोले नियमानुसार निजको धरौटी रकम जफत गरी निज लगतै पछीको अर्को न्युनतिम मुल्यांङ्कित सारभुत रुपमा प्रभावग्राही दरभाउ पत्र स्वीकृत गरी खरिद सम्झौता गर्ने ।



CamScanner

निर्णय नं. ५ : लमही नगरपालिकाको आ.व २०८०/८१ को भौतिक तथा वित्तीय प्रगति विविध कारणले लक्ष्य अनुसार पुरा हुन नसकेकोले प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार अत्याधिक कार्यचाप भएका शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई मिति २०८१/०१/०१ गते देखि लागु हुने गरी कार्यालय समय अतिरिक्त समयमा समेत कामकाज लगाउने। अतिरिक्त समय कामकाज गरेको अभिलेखमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी नियमानुसार सेवा सुविधा उपलब्ध गराउने।

निर्णय नं. ६ : जिल्ला प्रशासन कार्यालयको पत्र संख्याः २०८०/८१, च.नं.: ५५१५ मिति २०८०/१२/२२ गतेको पत्रानुसार श्री आदर्श माध्यमिक विद्यालय, लमही-६, देउपुरको कम्पाउण्ड वालसँग जोडिने गरी गोरक्ष नाथ मन्दिरको सार्वजनिक गुठीको जग्गामा गुरुकुल एकेडमी नामक नीजि बिद्यालयको भौतिक संरचना निर्माण कार्य तिव्र गतिमा भई रहेको गुनासो प्राप्त भएकोले प्रचलित शिक्षा ऐन नियम वमोजिम यथाशिघ्र कारवाहीको लागि लेखी आएको सम्वन्धमा उक्त गुरुकुल एकेडमी लमहीको स्थलगत अनुगमन गरी कारबाहीको सिफारिस गर्न प्रतिवेदन दिने गरी यस नगरपालिकाको उप-प्रमुख ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको अनुगमन समितिको गठन गर्ने ।

तपशिलः

| क्र.स | नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी | उप-प्रमुख | संयोजक | |
| २ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री भेष बहादुर के.सी | ९ नं. वडा अध्यक्ष | सदस्य | |

निर्णय नं. ७ : लमही अस्पतालको ऐम्बुलेन्स मर्मत गर्दा भए गरेको खर्च लमही अस्पतालमा तर्फ विनियोजन भएको बजेटबाट भुक्तानी दिने।

निर्णय नं. ८ : दिसाजन्य लेदो व्यवस्थापनका लागि ट्रिट्मेन्ट प्लान्ट निर्माण तथा सञ्चालन सम्वन्धमा लमही नगरपालिका वडा नं. ५ स्थित अजम्बरी सामुदायिक वनको क्षेत्राधिकार भित्र रहेको जग्गामा दिसाजन्य लेदो व्यवस्थापन लागि ट्रिट्मेन्ट प्लान्ट निर्माण सञ्चालन गर्ने।

निर्णय नं. ९ : लमही नगरपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपशिल बमोजिमको संस्थाहरुको निवेदन अनुसार देहाय बमोजिम सहयोग गर्ने।

तपशिलः

| क्र.स | संस्थाको नाम | सहयोगी दिनु पर्ने प्रयोजन | खर्च रु | कै |
|---|---|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ, दाङ जिल्ला समिति | मिडिया महोत्सव, २०८० सञ्चालन | ५०,०००/- | |
| २ | गोरक्ष-पात्रदेवता-सिद्धरत्नानाथ | गोरक्ष-पात्रदेवता-श्री सिद्धरत्नानाथ | २०,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| | देवीपाटन महायात्रा व्यवस्थापन तथा सञ्चालन समिति-२०८० | देवीपाटन महायात्रा | | |
| ३ | खुमबहादुर खड्का समाज विकास समिति | खुमबहादुर खड्का स्मृति कप खुल्ला पुरुष भलिबल खेलकुद आयोजना सहभागी तथा खेलकुद कार्यक्रम सञ्चालन | २,००,०००/- | |

निर्णय नं. १० : नदिजन्य पदार्थ गैरकानुनी उत्खनन् तथा ओसारपोसार गरेको भेटाएमा नगरपालिका वा सुरक्ष निकायलाई सुचना दिने व्यक्ती र त्यसरी ओसारपोसार गरेको सधानलाई नियन्त्रण गरी सुरक्षा दिने सुरक्षा निकायलाई तपशिल बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउने।

<u>तपशिलः</u>

| क्र.स | प्रोत्साहन दिनु पर्ने व्यक्ती/संस्था | प्रोत्साहन रकमको दर (प्रतिशत) | कै |
|---|---|---|---|
| १ | सुरक्षा निकाय | १५ | |
| २ | सुचना दिने व्यक्ति | १० | |



CamScanner

आज मिति २०८१ साल बैशाख १५ गते मंगलबारको दिन दिउँसो २ : ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

मिति २०८१।०१।२५ गते बसेको नगर कार्यपालिकाको १३९ औ बैठकको निर्णयहरु

निर्णय नं. १ : लमही नगरपालिकाको आ.व २०८०/८१ को ठेक्का प्रक्रियाबाट नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापनको लागि यस नगरपालिकाबाट भएका सिलबन्दी दरभाउपत्र सुचना दोस्रो पटक गर्दा पनि कुनै फर्म/कम्पनीको प्रस्ताव नपरेकाले हालसम्म ठेक्का व्यवस्थापन हुन नसकेको र स्थानीय बजारमा नदीजन्य पदार्थको अभाव भएका कारण विकास निर्माणका कार्यमा बाधा पुगेकोले तत्कालको आवश्यकता टार्न आई.ई.ई (IEE) भएका घाटहरुबाट लुम्बिनी प्रदेश सरकारले स्विकृत गरेको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी, २०७५ को दफा ७ को उपदफा ६ मा भएको व्यवस्थानुसार अमानत प्रक्रियाबाट (अघिल्लो वर्ष भएको ठेक्काको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कायदिश दिन सकिने) नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्ने। यसरी उत्खनन् गर्दा मेसिनरी औजारको प्रयोग गर्न माग भई आएमा उक्त घाटको आई.ई.ई प्रतिवेदनमा मेसिनरी औजारको प्रयोग गर्न पाउने भनी उल्लेख भएमा नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र लुम्बिनि प्रदेश सरकारले स्विकृत गरेको नदिजन्य पदार्थ व्यावस्थान कार्यविधी , २०७५ बमोजिमको प्रक्रिया पुरा गरी मेसिनरी औजार प्रयोग गर्ने दिने। साथै सम्बन्धित वडा कार्यालयको सिफारिसमा, क्रसर उद्योग तथा सम्बन्धित सरकारोवालको छलफल समेत गराई आवश्यकतानुसर कार्यालयको स्रोत साधन प्रयोग गरी वडाबाट अनुगमन गरी गराई वडास्तर एवम् नगरपालपालिका बाटै अनुगमन गर्ने साथै पालिका भित्र रहेका क्रसर उद्योगको स्टक प्रमाणित गर्ने गराउने ।

निर्णय नं. २ : लमही नगरपालिका स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७७ को दफा १२ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम लमही नगरपालिका वडा नं. ४ स्थित लमही अस्पतालमा रहेको अस्पताल कोषको खाता सञ्चालन गर्ने निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा.आकाश वेल्वासे र लमही अस्पतालका सहायक लेखापाल श्री अर्जुन के.सीलाई जिम्मेवारी दिने ।

निर्णय नं. ३ : विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको परमादेश लगायत उपयुक्त आज्ञा जारी गरी पाउँ भनी दिएको मुद्दामा (मुद्दा नं. ०८०-WO-००५३) सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको १५ दिने म्याद २०८१।०१।२० गते तामेल भई पाएकाले लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमही दाङ, लमही नगरपालिका वडा नं. ८ र लमही नगरपालिका वडा नं. ८ को वडा अध्यक्ष को तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा लिखित जवाफ पेश गर्न, तारेख लिन उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न, मुद्दाको वरिस तोक्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत रोजगार सहायक श्री दिनेश चौधरी लाई प्रतिनिधि नियुक्त गरी पठाउने।

मिति २०८१।०१।२५ गते बसेको नगर कार्यपालिकाको १३९ औ बैठकको निर्णयहरु

नगर कार्यपालिकाको कार्यालय लमही दाङ लुम्बिनी प्रदेश, नेपाल

CamScanner

निर्णय नं. ४ : लमही नगरपालिका वडा नं. ६ बलरामपुर बस्ने सेवापति चौधरीले मिलापत्र बमोजिम गरी पाऊँ भन्ने बिषयमा लमही नगरपालिका वडा नं. ६ का वडा अध्यक्षको नेतृत्वमा कार्यालयको अमिन खटाई यस नगरपालिकाको न्यायिक समितिको रोहबरमा भएको मिलापत्र कार्यान्वयन गर्ने।

निर्णय नं. ५ : लमही नगरपालिकाको आ.ब २०८०/८१ मा बिनियोजन भएको स्वीकृत बजेट तथा कार्यक्रम शिर्षक हिंसा प्रभावित महिला बालबालिकाको लागि अल्पकालीन सेवा केन्द्र सञ्चालन शिर्षकबाट लमही नगरपालिकास्तरीय अल्पकालिन सेवा केन्द्र सञ्चालन गर्न मनकामना महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. लमही-५ संग सम्झौता गरी अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्ने।

निर्णय नं. ६ : संघीय सरकार शसर्त बजेट तर्फ लमही नगरपालिकाको लागि आ.ब २०८०/८१ को स्वीकृत परिवार नियोजन किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तरगत लामो अवधिको परिवार योजना सेवा सञ्चालन गर्न नीजि स्वास्थ्य संस्था कृपा पोलीक्लिनिक लमही, ५ दाङ संग सम्झौता गर्ने ।

निर्णय नं. ७ : लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय पूर्वाधार विकास शाखाको चालु आ.ब २०८०/८१ को स्वीकृत बार्षिक बजेटबाट नगरस्तरीय आयोजनाहरु कार्यान्वयन गर्ने प्रयोजनार्थ भुक्तानी आगामी आर्थिक बर्षमा गर्ने गरी वडा नं. १ र वडा नं. ६ को हकमा सम्झौता अघि बढाउने।

निर्णय नं. ८ : बिबिध प्रस्तावहरु माथि छलफल गर्दा तपशिल बमोजिम गर्ने।

क. लमहीको नगरपालिका भित्र सञ्चालन भएका ठुला र मझौला उद्योग/व्यवसायीहरुलाई करको दायरामा लिन, मापदण्ड अनुसारले सञ्चालन भएको छ वा छैन भनी स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न यस नगरपालिका ८ नं. वडा अध्यक्ष श्री उमेश कुमार खड्काको संयोजकत्वमा तपशिल बमोजिमको अनुगमन समितिको गठन गर्ने ।

तपशिल:

| क्र.स | नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री उमेश कुमार खड्का | ८ नं वडा अध्यक्ष | संयोजक | |
| २ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री ओम प्रसाद सुवेदी | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री सौगात वली | ईन्जिनियर, पूर्वाधार शाखा | सदस्य | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री रेशमलाल शर्मा | राजस्व शाखा | सदस्य-सचिव | |

ख. यस लमही नगरपालिकाको आर्थिक वर्ष २०७९।८० मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न भईसक्दा पनि नेपाल सरकारको लेखा प्रणाली सञ्चालन तथा व्यावस्थापन गर्ने सफ्टवेयर सुत्र (SUTRA) मा देखा परेको समस्या तथा विनियोजित बजेट बमोजिमको राजश्व संकलन हुन नसकी संचित कोषमा रकम अभावका कारणले कार्यसम्पन्न भैसकेका आयोजना तथा कार्यक्रमको मिति २०८०।०३।२४ गते राती १२ बजे सम्म यस कार्यालयबाट भुक्तानी हुन नसकिएको तथा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०५/०४ गतेको बैठकको निर्णयमा भुक्तानी बाँकी कार्यक्रम तथा आयोजनाको विवरणमा छुट हुन पुगेका तपशिलमा उल्लेखित फर्म आ.व २०८०/८१ को स्विकृत बजेटको भुक्तानी बाँकी शिर्षकबाट बाँकी रकम भुक्तानी दिने।

<u>तपशिल:</u>

| १. पुर्वाधार बिकास शाखा | | | |
|---|---|---|---|
| क्र.स | योजना तथा कार्यक्रमहरु | फर्मको नाम | भुक्तानी रकम रु. |
| १ | सिमलसोता झोलुङ्गे पुल निर्माण | सेवा प्रतिष्ठान नेपाल | २,१६,१४२.१४ |
| २ | लमही नगरपालिका वडा नं.७ को भवन निर्माण | के.एम.एस. ड्रिलिङ कन्स्ट्रक्सन प्रा.लि. | ८९,५५१ |
| ३ | ठेक्काको सुचना प्रकाशन (रिहार सडक कालोपत्रे) | सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि | ९७,६३२ |
| ४ | ठेक्काको सुचना प्रकाशन ( ३ र ४ नं. वडाको पक्की पुल निर्माण) | सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि | १,९५,२६४ |

ग. सघन शहरी तथा भवन निर्माण आयोजना अन्तरगत लमही नगरपालिका वडा नं. ४ अपर दामोदर सडक निर्माणको डि.पी.आर तयार गर्दा सडकको क्षेत्राधिकार १४ मिटर रहेको र यस नगरपालिकाले उक्त सडक निर्माण गर्दा १० मिटर नै कायम गरी सम्पन्न गरेको हुदाँ सोही सडक १० मिटर क्षेत्राधिकार मानी सडक निर्माण कार्य अगाडी बढाउन सम्बन्धित कार्यालयमा लेखी पठाउने।

घ. दाङ जिल्ला राजपुर गाँउपालिका वडा नं. ७ स्थित हाडबासमा मिति २०८१/०१/१६ गते भएको आगलागीबाट धैरै क्षति हुन पुगेको कारण राजपुर गाउँपालिकाबाट सहयोगको लागि अपिल भएको हुदाँ यस नगरपालिकाको तर्फबाट आर्थिक सहायता स्वरुप लमही नगरपालिकाको बिपद् व्यवस्थापन कोषबाट रु १,२५,०००/- अक्षरुपी एक लाख पच्चिस हजार रुपैया राजपुर गाउँपालिकाको खातामा उपलब्ध गराउने।

<u>मिति २०८१।०१।२५ गते बसेको नगर कार्यपालिकाको १३९ औ बैठकको निर्णयहरु</u>

CamScanner

ङ. सशस्त्र प्रहरी बल नेपाल नं. ४१ रिजर्भ गण हे.क्वा. चन्द्रौटा कपिलवस्तु (प्रशासन शाखा) लमही न.पा ७ अर्जुन खोला को चलानी नं. ७६६ मिति २०८१/०१/२४ गतेको पत्रानुसार मिति २०५८/०८/२९ गते सतवरीयामा दोहोरो भिडन्तमा परी स.प्र.ना.उ धन बहादुर बस्नेत सहित ३८ जना राष्ट्रसेवकले विरगती प्राप्त स.प्र.क.हरुको सम्झनामा लमही नगरपालिका वडा नं. ८ स्थित सतवरीया प्रहरी चौकीको नजिकै सार्वजनिक जग्गामा शहिद स्मृति स्तम्भ निर्माण सहयोग गर्ने।

च. लमही नगरपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपशिल वमोजिमको व्यक्ति/संस्याहरुको निवेदन/सिफारिस अनुसार देहाय वमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

तपशिलः

| क्र.स | सहायता दिने व्यक्ति वा संस्था | सहयोगी दिनु पर्ने प्रयोजन | खर्च रु | कै |
|---|---|---|---|---|
| १ | खुस विरन निशा, नेपाल मस्लिम संघ, लुम्विनी प्रदेश नेपाल | लुम्विनी प्रदेशस्तरीय भेला गर्नु पर्ने भएको र मुस्लिम समुदायवाट नेपाल मै पहिलो पटक डा. PHD गरेको र पाईलट बन्न सफल व्यक्तिलाई सम्मान गर्नुपर्ने। | १५,०००/- | |
| २ | कली वोहरा, लमही नगरपालिका वडा नं. ५ | असाहारा अवस्थामा रहेको र आम्दानीको स्रोत नभएको | २०,०००/- | |

छ. लमही नगरपालिकाको आ.व २०८०/८१ को स्वीकृत जनतासंग मेयर कार्यक्रम अन्तरगत नगरस्तरीय विविध कार्यक्रम शिर्षकमा विनियोजन वजेटबाट लमही नगरपालिका वडा नं. ४ स्थित छुट्की घुम्नामा कुलो तथा नाली निर्माण गर्नुपर्ने आवश्यक भएकोले प्राविधिक कर्मचारीले तयार गरेको लागत अनुमान अनुसार रु ४,५०,०००/- खर्च गरी उक्त कुलो मर्मत तथा नाली निर्माण गर्ने।

ज. लमही नगरपालिका वडा ५ नं. वडा कार्यालयको सिफारिस अनुसार चालु आ.व २०८०/८१ को लागि स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपशिल वमोजिमको आयोजना/कार्यक्रम संशोधन गर्ने।

तपशिलः

| क्र.स | साविक आयोजनाको नाम | संशोधित आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | लमही न.पा ५ नं. वडा भित्र नाला सरसफाई | जैविक विविधता पार्क मर्मत, लमही ५ | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

**मिति २०८१।०१।२५ गते बसेको नगर कार्यपालिकाको १३९ औ बैठकको निर्णयहरु**

CamScanner